# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३८) काठमाडौं, मंसीर १ गते २०४५ साल (अतिरिक्ताङ्क ४८


## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बढ्दो जनसंख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेका नगरहरूको पुनः निर्माण, विस्तार र विकासको साथै नयाँ नगरहरूको निर्माण गरी नगरबासीहरूलाई आवश्यक सेवा र सुविधाहरू पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "नगर विकास ऐन, २०४५" रहेको छ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

२.१.१ "नगर योजना" भन्नाले दफा ३ बमोजिमको श्री ५ को सरकारबाट स्वीकृत नगर योजना सम्झनुपर्छ।

२.१.२ "समिति" भन्नाले दफा ४ बमोजिमको नगर विकास समिति सम्झनुपर्छ।

२.१.३ "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले रहेका घर, बनोट, ताल, पोखरी, रूख आदि र सो घर, बनोट, ताल, पोखरी, रूख आदिसंग स्थायी रूपले जोडिएको कुराहरूलाई समेत जनाउँछ।

२.१.४ "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

३. नगर योजना तर्जुमा र स्वीकृतिः

३.१ देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न समितिले नगर योजना तर्जुमा गर्न सक्नेछः–

३.१.१ नेपाल अधिराज्यको कुनै भागमा एकीकृत रूपमा नगरको भौतिक विकास गर्ने,

३.१.२ भइरहेको नगरको पुनः निर्माण, विस्तार र विकास गर्ने तथा नयाँ नगरको निर्माण गर्ने,

५९४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१.३ नगर विकासको लागि भू-उपयोग क्षेत्रको निर्धारण गरी त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा मुख्य मुख्य सेवा तथा सुविधा उपलब्ध गराउने,

३.१.४ उपर्युक्त कार्यहरूसंग सम्बद्ध अन्य कार्यहरू गर्ने ।

३.२ उपदफा ३.१ बमोजिम समितिले बनाएको नगर योजना श्री ५ को सरकारबाट स्वीकृत हुनु पर्नेछ ।

३.३ उपदफा ३.२ बमोजिम श्री ५ को सरकारले नगर योजना स्वीकृत गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि सो नगर योजना लागू भएको मानिनेछ ।

## ४. नगर विकास समितिको गठनः

४.१ श्री ५ को सरकारले नगर योजना कार्यान्वियन गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार कुनै इलाका, बजार, पञ्चायत वा क्षेत्रीय विकास केन्द्रमा नगर विकास समिति गठन गर्न सक्नेछ ।

४.२ समितिमा रहने कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू जनप्रतिनिधि र समाजसेवी रहनेछन् ।

४.३ समितिमा रहने सदस्यहरूको पदावधि उपदफा ४.१ बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

४.४ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा उपदफा ४.२ को अधीनमा रही आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४.५ समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## ५. समिति सङ्गठित संस्था हुनेः

५.१ उपदफा ४.१ बमोजिम गठित समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

५.२ समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

५.३ समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

५.४ समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५९५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. समितिको बैठक सम्बन्धी कार्यविधिः

६.१ समितिको बैठक कम्तिमा दुई महीनामा एक पटक बस्नेछ ।

६.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

६.४ समितिको बैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट तोकेको सदस्यले गर्नेछ ।

६.५ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य-सचिवले बोलाउनेछ ।

६.६ समितिको बैठकले गरेको निर्णय सदस्य-सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अद्यावधिक गरी राख्नु पर्नेछ ।

६.७ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

७. उप-समिति गठन गर्न सक्नेः समितिले आफ्नो काम कारवाही सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उप-समितिहरू गठन गर्न सक्नेछ ।

८. रोक लगाउन सक्नेः

८.१ समितिले समय समयमा स्पष्ट रूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी दुई वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि नगर योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति समितिको पूर्व स्वीकृति बिना टुक्र्याउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम रोक लगाएको कुराको सूचना समितिले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

८.३ रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा ८.२ बमोजिमको सूचना पाएमा त्यस्तो अचल सम्पत्ति टुक्र्याउने गरी रजिष्ट्रेशन गर्न हुँदैन ।

९. नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेः

९.१ समितिले समय समयमा स्पष्ट रूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी नगर योजना क्षेत्रभित्र देहायका काम कुराहरू आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरू समितिको पूर्व स्वीकृति बिना कसैले गर्न गराउन हुँदैन :–



५९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९.१.१ कृषि, प्राकृतिक सम्पदा, वनस्पति, वन जङ्गल, जीवजन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरु र आवादी तथा पर्ति जग्गाहरु एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न,

९.१.२ कुनै प्रकारको भवन, कार्यालय वा अन्य कुराहरुको नयाँ निर्माण गर्न वा निर्माण भैसकेका त्यस्ता कुराहरुको विस्तार गर्न,

९.१.३ कुनै प्रकारको बस्ती, बसोबास वा आवास बनाउन वा बसाउन र मनोरञ्जन, बजार, हाट, उद्योग आदि स्थलहरु बसाल्न वा बनाउन,

९.१.४ प्राकृतिक सौन्दर्य पर्यटनस्थल र जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दुषित हुने काम गर्न,

९.१.५ बाटो घाटो, पुल र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षरोपण, पानी, बत्ती, आदि प्रयोग गर्न ।

९.२ उपदफा ९.१ को प्रयोजनको लागि समितिले स्वीकृति दिंदा आंशिक वा पूर्ण रूपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिंदा आवश्यक निर्देशन वा शर्त समेत तोकिदिन सक्नेछ ।

९.३ नगर योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कुनै घर वा जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न समिति वा समितिले खटाएको व्यक्तिलाई पूर्ण अधिकार हुनेछ ।

१०. रोक्ने वा भत्काउनेः

१०.१ दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू कसैले समितिको पूर्व स्वीकृति बिना गरेमा वा समितिले स्वीकृति दिंदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा समितिले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने समितिले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।



५९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०.२ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समिति समक्ष उजूरी दिन सक्नेछ । सो उजूरीको सम्बन्धमा पुनरावेदन समितिले उजूरी परेको मितिले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

१०.३ उपदफा १०.२ बमोजिम उजूरी परेकोमा पुनरावेदन समितिबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा १०.१ बमोजिम समितिले आदेश दिएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

१०.४ उपदफा १०.३ को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा समिति आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गरिनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकारः

११.१ यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

११.१.१ नगर योजना क्षेत्रलाई विभिन्न भू-उपयोग क्षेत्रहरूमा विभाजन गर्ने,

११.१.२ भू-उपयोग क्षेत्रमा भौतिक विकासका लागि आवश्यक शर्तहरू निर्धारण गर्ने र त्यस्तो क्षेत्रमा गरिने निर्माणका विधिहरू तोक्ने,

११.१.३ प्राचीन स्मारकसम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही नगर योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारको लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.४ नगर योजना क्षेत्रको प्राकृतिक एवं वातावरणीय संरक्षणको लागि वनजङ्गल, खोलानाला, घाट तथा जलक्षेत्रमा हुने निर्माण एवं अन्य क्रियाकलापहरूको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११.१.५ प्रतिकूल प्रभाव पर्ने गरी प्राकृतिक सम्पदाको उपयोग गर्न निषेध गर्ने,

११.१.६ नगर योजनाले निर्दिष्ट गरेबमोजिम भू-उपयोग क्षेत्रमा जग्गा विकास तथा भवन निर्माण परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.७ नगर योजना अनुरूप श्री ५ को सरकारले समय समयमा दिएको निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

११.२ यस ऐन बमोजिमका काम कारवाही गर्दा श्री ५ को सरकारका सम्बन्धित निकायसंग समन्वय कायम गरी काम गर्नु गराउनु समितिको कर्तव्य हुनेछ।

१२. <u>जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>

१२.१ सुनियोजित रूपमा नगरको विकास गर्ने क्रममा विभिन्न आय वर्गका व्यक्तिहरूको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न र अन्य शहरी कृयाकलापको लागि समितिले श्री ५ को सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछः–

१२.१.१ नगर योजना क्षेत्रभित्रको कुनै भागमा स्थानीय जग्गाधनी र मोहीहरू समेतको सहभागिता जुटाई सेवा सुविधा सम्बन्धी परियोजना तर्जुमा गर्ने र सो परियोजना बमोजिम काम गर्न श्री ५ को सरकारको सम्बन्धित निकाय, कुनै सङ्गठित संस्था, नगर पञ्चायत वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड लायण्ड डेभेलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

१२.१.२ नगर योजना क्षेत्रभित्रको कुनै भागमा रहेका जग्गाका विभिन्न कित्ताहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरूप सेवासुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवासुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बेची असूल गर्ने र बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

५९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.१.३ नगर योजना क्षेत्रको कुनै भागको जग्गा दफा १६ बमोजिम श्री ५ को सरकारबाट प्राप्त गराई समिति आफैंले वा कुनै सङ्गठित संस्था मार्फत त्यस्तो जग्गामा सेवासुविधाको व्यवस्था गरी घडेरीहरू तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवासुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

१२.१.४ माथि उपदफाहरू बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च लिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराइनेछ।

१३. आर्थिक स्रोत जुटाउने अधिकारः समितिले आफ्नो काम सुचारू रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि श्री ५ को सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ।

१४. समितिको कोषः

१४.१ समितिको एउटा छुट्टै कोष हुनेछ। सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

१४.१.१ श्री ५ को सरकारबाट प्राप्त अनुदान,

१४.१.२ श्री ५ को सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१४.१.३ समितिको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१४.१.४ समितिलाई प्राप्त अन्य कुनै रकम।

१४.२ समितिको सबै रकम समितिको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ।

१४.३ समितिको तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरू उपदफा १४.१ बमोजिमको कोषबाट व्यहोरिनेछ।

१४.४ समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. समितिको लेखा र लेखापरीक्षण:

१५.१ समितिको लेखा श्री ५ को सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१५.२ समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१५.३ श्री ५ को सरकारले चाहेमा समितिको हिसाब किताबसम्बन्धी कागजात र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. जग्गा प्राप्त गर्ने: श्री ५ को सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराइदिन सक्नेछ ।

१७. नगर विकास केन्द्रीय समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकार:

१७.१ नेपाल अधिराज्यको विभिन्न इलाका, बजार, पञ्चायत र क्षेत्रीय विकास केन्द्रमा गठन हुने समितिहरूको काम कारवाहीमा समन्वय ल्याउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक नगर विकास केन्द्रीय समन्वय समिति गठन गर्न सक्नेछ ।

१७.२ समितिमा रहने कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू जन-प्रतिनिधि र समाजसेवी रहनेछन् ।

१७.३ उपदफा १७.१ बमोजिम गठित समितिमा रहने सदस्यहरू तथा त्यस्ता सदस्यहरूको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

१७.४ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७.१ बमोजिम गठित समितिका सदस्यहरूमा उपदफा १७.२ को अधीनमा रही आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

१७.५ उपदफा १७.१ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. सजाय:

१८.१ कसैले दफा ६ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू समितिको पूर्व स्वीकृति विना गरेमा वा समितिले स्वीकृति दिंदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भीर्यता र अभियुक्तको हैसियत हेरी बढीमा पचास हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१८.२ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले गरेको वा गर्न लागेको काम कारवाहीमा बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१८.३ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले दिएको आदेश वा निर्देशन विपरीत कुनै काम कारवाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१८.४ कसैले माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम कारवाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१९. पुनरावेदनः दफा १८ बमोजिम समितिले दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२०. पुनरावेदन समितिः

२०.१ दफा १० वा १८ बमोजिम समितिले दिएको आदेश उपर पुनरावेदन सुन्न एक पुनरावेदन समिति रहनेछ ।

२०.२ पुनरावेदन समितिमा श्री ५ को सरकारले तोकेका देहायका सदस्यहरू रहनेछन् :–

२०.२.१ अञ्चल न्यायाधीश – अध्यक्ष

२०.२.२ सम्बन्धित विषयको विशेषज्ञ – सदस्य

२०.२.३ एकजना प्रतिष्ठित व्यक्ति – सदस्य

२०.३ पुनरावेदन समितिलाई बयान गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

२०.४ पुनरावेदन समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि पुनरावेदन समिति आफैले निर्धारण गर्नेछ ।

२१. असल नियतले गरेको कामको बचाउः समिति वा पुनरावेदन समितिका सदस्य वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विनियमावली



५२२ P६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानी नोक्सानीको निम्ति व्यक्तिगत रूपमा जवाफदेही हुनुपर्ने छैन ।

तर कसैलाई अनावश्यक दुःख, हैरानी वा झंझट दिने मनसायले कुनै काम गरेकोमा सम्बन्धित व्यक्ति त्यसका लागि जवाफदेही हुनु पर्नेछ ।

२२. अधिकार प्रत्यायोजनः समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार समितिको कुनै सदस्य वा दफा ७ बमोजिम गठित उप-समिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ ।

२३. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः श्री ५ को सरकारले नगर योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. श्री ५ को सरकारको अधिकारः

२४.१ यस ऐन अन्तर्गत गठित कुनै समितिले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा श्री ५ को सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ श्री ५ को सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा समितिले यस ऐन बमोजिम दिएको कुनै आदेश पूर्ण वा आंशिक रूपमा बदर गर्न सक्नेछ ।

२४.३ यस ऐन अन्तर्गत गठित कुनै समितिले गर्नुपर्ने काम पूरा गरिसकेको छ वा आफूले गर्नु पर्ने काम कर्तव्य वा निर्देशनको पालना गरेको छैन भन्ने ठहराएमा श्री ५ को सरकारले त्यस्तो समितिलाई विघटन गर्न सक्नेछ ।

२४.४ उपदफा २४.३ बमोजिम समिति विघटन भएको अवस्थामा र समिति गठन हुनु भन्दा पूर्व प्रारम्भिक कारवाहीको अवस्थामा समितिको हक तथा दायित्व श्री ५ को सरकारमा रहनेछ ।

२५. श्री ५ को सरकारसंगको सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ ।



422
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. नियमावली तथा विनियमावली बनाउन सक्नेः

२६.१ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधीनमा रही श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२६.२ यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

२७. छिन्न बाँकी मुद्दा सर्नेः यो ऐन प्रारम्भ हुँदा नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिबाट कारवाही भई छिन्न बाँकी मुद्दाहरू यस ऐन बमोजिम गठित समितिमा सर्नेछन् ।

२८. खारेजी र बचाउः

२८.१ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ खारेज गरिएका छन् ।

२८.२ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरूले गरिआएका काम कारवाही र हक तथा दायित्व यस ऐन बमोजिम गठित सम्बन्धित नगर विकास समितिमा सर्नेछन् ।

२८.३ यस ऐन बमोजिम नगर विकास समिति गठन नभएसम्म नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरू यसै ऐन बमोजिम गठन भए सरह मानी कायमै रहनेछन् ।

लालमोहर सदर मितिः– २०४५।८।१।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।